# एनएमवि लघुवित्त वित्तीय संस्था लि.
# NMB Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)


कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. २५, मिलन चोक

फोन नं: ९७७-०६१-४००४२७/४००४७७, फ्याक्स नं: ९७७-०६१-४००४२८

URL: www.nmbmicrofinance.com, Email: info@nmbmicrofinance.com


को

## सर्वसाधारण समूहको अवितरित हकप्रद शेयर लिलाम बढाबढ गरी बिक्री गर्ने बारेको शिलबन्दी बोलपत्र आह्वानको सूचना

| | | |
|---|---|---|
| **शिलबन्दी बोलपत्र पेश गर्नुपर्ने शुरु मिति : २०७६/१०/०५ गते ।** | **सर्वसाधारण समूहतर्फः १०८७३३.१३ कित्ता** | **शिलबन्दी बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति : २०७६/१०/१२ गते अपरान्ह ३:०० बजेसम्म ।** |

एनएमवि लघुवित्त वित्तीय संस्था लिमिटेडको हकप्रद शेयरको लागि मिति २०७६/०७/२४ देखि २०७६/०८/२९ गतेसम्म बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा सर्वसाधारण समूहतर्फ १,०८,७३३.१३ कित्ता शेयरको लागि आवेदन नपरेकाले धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को निर्देशन नं.१५ को प्रावधानलाई आधार मानी उक्त शेयरहरु बोलकबोल बढाबढ गरी बिक्री गर्ने कम्पनी संचालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न इच्छुक व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले मिति २०७६/१०/१२ गते अपरान्ह ३:०० बजेभित्र देहाय बमोजिमको स्थानहरुमा आइपुग्ने गरी प्रति कित्ता के कति दररेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ।

| सि.नं. | बोलपत्र आवेदन फारम पाइने र बुझाउने स्थान (संकलन केन्द्रहरू) |
|---|---|
| १ | सन्राईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौं। |
| २ | एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड, पोखरा -२५, मिलनचोक, हेम्जा, कास्की |
| ३ | सन्राइज बैंक लिमिटेडको शाखा कार्यालयहरु : विराटनगर, वीरगंज, पोखरा, बुटवल, नेपालगंज, सुर्खेत र धनगढी । |

**शर्तहरू :**

१. बोलपत्र आवेदन फाराम माथि उल्लेखित संकलन केन्द्रहरुबाट रु.१००/– (एक सय) नगद भुक्तानी गरी प्राप्त गर्न सकिनेछ।

२. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.१००/-(एक सय) तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ। एकै व्यक्ति वा कम्पनीले एक भन्दा बढी मूल्यमा शेयर खरीदका लागि आवेदन दिन चाहेमा भिन्दाभिन्दै शिलबन्दी खाम भित्र आवेदन दिनुपर्नेछ। लगानी व्यवस्थापकले आफ्ना ग्राहकहरुको नामबाट आवेदन गर्दा आफ्नो आधिकारिक पत्र मार्फत तोकिए अनुरुपको सूची बनाई सम्पूर्ण आवेदकहरुको लागि गरिने लगानी रकम लगानी व्यवस्थापकले एउटा चेकमार्फत पेश गर्न सक्नेछ।

३. बोलपत्र आवेदन फाराममा आफुले लिन चाहेको शेयर संख्या तथा प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ। केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ। धेरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको व्यहोरालाई मान्यता दिइनेछ।

४. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, हितग्राही खाता नं., आफ्नो खाता रहेको बैंकको नाम र खाता नं., टेलिफोन नम्बर लगायत बोलपत्र आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ।

५. बोलपत्र पेश गर्दा न्यूनतम १०० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम शेयर संख्याको लागि कुनै हद लाग्ने छैन। तर शेयर खरिद गर्न आवेदन गरेको कुल शेयर जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति वा संस्थाले खरिद गर्न वा राख्न पाउने भनी तोकेको सीमाको अधिनमा रहने गरी अधिकत्तम १,०८,७३३.१३ कित्ताका लागि आवेदन दिन सकिने छ। रु.१० लाखसम्मको आवेदन दिनेले स्वेच्छिक रुपमा र रु.१० लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रुपमा आफ्नो प्यान नं. आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ।

६. सर्वसाधारण समूहको शेयरमा सबैभन्दा बढी कबोल गर्ने आवेदकलाई बोलकबोलको मान्यता अनुसार शेयर बिक्री गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संस्थाको भार अनुसार बाँडफाँट गरिनेछ। साथै, खण्डित रुपमा शेयर बाँकी रहन आएमा सोही भार अनुसार बाँडफाँट गरी समोजन गरिनेछ।

७. बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम **सन्राईज क्यापिटल लिमिटेड**को नाममा **सन्राईज बैंक लिमिटेड, कमलपोखरीमा रहेको खाता नं.: ०६९०४३०२३६७०१००२ (SRCL-NMB Microfinance Right)** मा धरौटी बापत जम्मा गरेको सक्कल नगद भौचर संलग्न गर्नुपर्नेछ।

८. चेक मार्फत आवेदन गर्ने "**सन्राईज क्यापिटल लिमिटेड**" को नाममा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाको Good For Payment गरिएको चेक संलग्न गर्नुपर्नेछ। सो नभएको चेकलाई मान्यता दिईने छैन। साथै Good For Payment गर्दा लाग्ने शुल्क तथा चेक Clearing मा लाग्ने शुल्क आवेदक स्वयंले नै व्यहोर्नु पर्नेछ।

९. Swift Transfer/IPS को माध्यमबाट रकम जम्मा गर्न चाहने व्यक्ति वा संस्थाले Swift Transfer/IPS आदेशको कपी र खातामा रकम जम्मा भएको कपि संलग्न राखी आवेदन दिन सक्नेछन्। यसरी जम्मा भएको रकम बोलपत्र पेश गर्ने अन्तिम दिनसम्ममा तोकिएको खातामा जम्मा भईसकेको हुनुपर्नेछ।

१०. बोलपत्रदाता संगठित संस्था/फर्म/कम्पनी भएमा कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरीद गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय तथा अख्तियारनामाको प्रतिलिपि संलग्न गर्नुपर्नेछ।

११. बोलपत्र आवेदन पेश गर्दा शिलबन्दी खाम बाहिर "**एनएमवि लघुवित्त वित्तीय संस्था लिमिटेड**" उल्लेख गरी शिलबन्दी खाममा पेश गर्नुपर्नेछ।

१२. प्राप्त शिलबन्दी बोलपत्रहरु तोकिएका संकलन केन्द्रहरुबाट निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा प्राप्त भए पश्चात् सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईनेछ।

१३. काबु बाहिरको परिस्थिति पर्न गई निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा समयमा बोलपत्र प्राप्त हुन नसकेमा सो व्यहोरा नियामक निकायलाई जानकारी गराई निर्देशन बमोजिम गरिनेछ। साथै, काबु बाहिरको परिस्थिति पर्न गई कुनै संकलन केन्द्रबाट बोलपत्र फाराम पठाउन नसकिने भएमा/आवेदन फाराम प्राप्त नभएमा वा नष्ट भएमा नियामक निकायको राय लिएर मात्र लिलाम बढाबढको प्रक्रिया अगाडि बढाईनेछ।

१४. बोलपत्रावालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।

१५. बोलपत्र आवेदनहरुमध्ये बाँडफाँटमा नपरेको शेयर वापत जम्मा भएको रकम धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा तोकिएको समयावधिमा IPS मार्फत आवेदकहरुको बैंक खातामा सोझै फिर्ता भुक्तानी गर्ने व्यवस्था गरिनेछ। साथै, यस्तो फिर्ता गरिने रकममा कुनै व्याज प्रदान गरिने छैन। IPS मा लाग्ने शुल्क आवेदक आफैले व्यहोर्नु पर्नेछ।

१६. यस सूचना बमोजिम निष्काशन गरिएको शेयरका लागि लिलाम बढाबढ गर्दा सबै शेयर खरीदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित निवेदनलाई बाँडफाँट गरी बाँकी रहेको शेयर पून : लिलाम बढाबढ गरी बिक्री गरिनेछ।

१७. यस सूचना बमोजिम प्राप्त बोलपत्र आवेदकहरुलाई शेयर बिक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँट गर्ने तथा बोलपत्र आवेदन तथा शेयर बाँडफाँट सम्बन्धी कुनै विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार कम्पनीको संचालक समितिमा रहनेछ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकः**

**सन्राइज क्यापिटल लिमिटेड**
**SUNRISE CAPITAL LTD.**
Subsidiary of SUNRISE BANK LIMITED

पो.ब.नं. १२०५५, कमलपोखरी, काठमाडौं।
फोन नं. ०१-४४२८६६०, फ्याक्सः ०१-४४२८६८८
Email: info@sunrisecapital.com.np
Web: www.sunrisecapital.com.np